# मेलौली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं. : २०७९/०८०
च. नं.

## सेवा करार सम्वन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०७९/०५/१६)**

मेलौली नगरपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका पदहरुमा प्रतियोगितात्मक परिक्षाद्वारा सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्युनतम योग्यता पुगेका उम्मेदवारहरुले यस कार्यालयमा आवेदन दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०१।२०७९।०८० | मेडिकल अधिकृत | आठौं | १ |
| २ | ०२।२०७९।०८० | कृषि स्नातक | छैटौं | १ |
| ३ | ०३।२०७९।०८० | रोजगार सहायक | पाँचौं | १ |
| ४ | ०४।२०७९।०८० | अ.न.मि. | चौथो | १ |

***परिक्षाको किसिमः*** लिखित र अन्तरवार्ता (रोजगार सहायकको हकमा कम्प्युटर सिप परिक्षण समेत) ।

***परिक्षाको मितिः*** पछि प्रकाशित गरिनेछ ।

***दरखास्त दस्तुरः*** मेडिकल अधिकृत/कृषि स्नातक पदका लागि रु. १०००।- र रोजगार सहायक/अ.न.मि. पदका लागि रु. ५००।-

***दरखास्त दिने अन्तिम मिति*** : २०७९।०५।३० सम्म ।

***उम्मेदवारको उमेरको हद*** : मेडिकल अधिकृत/कृषि स्नातक पदको हकमा २०७९।०५।३० सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको र रोजगार सहायक/ अ.न.मि. पदको हकमा २०७९।०५।३० सम्म १८ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको ।

***पदमा रही गर्नुपर्ने कामको विवरण*** : करार सम्झौता बमोजिम ।

***तलब*** : प्रचलित कानुन बमोजिम ।

***आवश्यक न्युनतम योग्यता***

***१. मेडिकल अधिकृत पदको लागि*** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एम.वि.वि.एस. उत्तिर्ण गरी एन.एम.सि.मा दर्ता भएको ।

***२. कृषि स्नातक पदको लागि*** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण भएको ।

***३. रोजगार सहायक पदको लागि*** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी आधारभूत कम्प्युटर सीप सम्वन्धि कम्तीमा ३ महिनाको तालिम लिएको ।

***४. अ.न.मि. पदको लागि*** : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष उत्तिर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता भएको ।

***दरखास्त फाराम साथ संलग्न राख्नुपर्ने कागजातहरु :***

सम्वन्धित व्यक्तिको लिखित निवेदन, दरखास्त फाराम, बायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने)

***नोट : दरखास्त फाराम यस मेलौली नगरपालिकाको कार्यालयबाट उपलब्ध गराइनेछ ।***

२०७९/०५/१६

जगदिश प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत